नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३२ अंक ४५ २०७९ साल भदौं २४ गते शुक्रबार (9 Sep 2022 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : १६ जिल्ला साक्षर घोषणा ... ३ पृष्ठमा : दलहरूलाई उम्मेदवार सिफारिस ... ३ पृष्ठमा :कोभिड र अन्य संकटका...

# जसपा एक्लै पनि चुनाव लड्न सक्छ : जसपा अध्यक्ष यादव

**दैनिक समाचारदाता**
**वीरगञ्ज, २३ भदौ ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मंसिर ४ गते हुने निर्वाचनमा पार्टी एक्लै पनि लड्न सक्ने भन्दै नेता कार्यकर्ताहरुलाई यसका लागि तयार रहन निर्देशन दिएका छन् ।

वीरगञ्जमा आयोजित पार्टी अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले गठबन्धनबिना पनि चुनाव लड्ने अवस्था आउन सक्ने भन्दै नेता तथा कार्यकर्तालाई सो निर्देशन दिएका हुन् ।

अध्यक्ष यादवले सबै दलले जित्ने गरी सिट बाँडफाँट नभए गठबन्धनको कुनै औचित्य नरहने समेत बताए ।

उनले भने, "मधेस प्रदेशमा एक सिट भए पनि कांग्रेसले जसपाभन्दा बढी सिट लिने अडानमा रहेको छ भने नेकपा एकीकृत समाजवादी पार्टीले अरू प्रदेशभन्दा मधेस प्रदेशमा आफ्नो संगठन बलियो रहेको दाबी गर्दै उसले पनि सबभन्दा बढी सिटको दाबी गरिरहेको छ । माओवादी केन्द्रको पनि सोही अनुसारको डिमान्ड छ ।"

जसपाको हैसियत अनुसार सिट बाँडफाँट नगरिए एक्लै चुनाव लड्ने धारणा राख्दै उनले त्यही



अनुसारको तयारीमा लाग्न नेता तथा कार्यकर्तालाई निर्देशन दिएको पार्टी श्रोतले जनाएको छ ।

यता जसपाका कार्यकारिणी सदस्य एवं प्रवक्ता मनिष सुमनले ठूला दल भनाउँदाहरुले पेल्ने र हेप्ने काम गरे गठबन्धनबाट अलग भएर पनि चुनावमा जाने प्रतिक्रिया दिए । उनले गठबन्धन बनाउन जसपाको मुख्य भूमिका रहेकोले गठबन्धन छाड्ने पक्षमा नरहेको स्पष्ट समेत पारे ।

# साक्षरता दिवसमा शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना




**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा ५६औं राष्ट्रिय साक्षरता दिवसको अवसरमा शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गरिएको छ ।

सो गाउँपालिकास्थित राजेन्द्र देवकी माध्यमिक विद्यालयमा साक्षरता सिकाई क्षेत्रमा रुपान्तरण नाराका साथ आयोजित कार्यक्रममा विद्यार्थीहरुले विज्ञान, सामाजिक क्षेत्र तथा दैनिक रुपमा अध्ययनसँग सम्बन्धित शैक्षिक सामग्रीहरु प्रदर्शनीमा राखिएको थियो ।

सेभ द चिल्ड्रेनको सहयोगमा तिलाठी कोइलाडी गाउँपालिका र सेभ द सप्तरीद्वारा आयोजित सो मेलाको गाउँपालिकाका उपाध्यक्ष फुल कुमारी साहले उद्घाटन गर्दै मेलाले विद्यार्थीभित्रको प्रतिभा प्रष्फुटनमा सहयोग गरेको बताइन् ।

दलान युवा क्लबका स्वयम्सेवकहरु समेतको सहभागिता रहेको सो अवसरमा शिक्षक तथा विद्यार्थीहरुले बनाएका शैक्षिक सामग्रीहरुको प्रदर्शनी गरिएको थियो ।

गाउँपालिकाका शिक्षा शाखा संयोजक राजेश कुमार झाले कक्षा कोठामा विद्यार्थीले सिकेका कुराहरुलाई शिक्षकहरुको सहयोगबाट शैक्षिक सामग्री निर्माण गराई विद्यार्थीभित्रको अन्तरनिहित प्रतिभालाई प्रष्फुटन गर्ने मद्दत मिलेको बताए ।

आगामी असोज १ गते विज्ञान र प्रविधिमा लगानीको विस्तार, समुन्नति र समृद्धिको आधार नाराका साथ दशौं राष्ट्रिय विज्ञान दिवस समेत भव्यताका साथ मनाइने जानकारी दिए ।

राजेन्द्र देवकी माविका प्रधानाध्यापक दिपेन्द्र झाको अध्यक्षतामा आयोजित सो कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाईका विजय कुमार यादव, सेभ द सप्तरीका अध्यक्ष ध्रुव देव, दुर्गानन्द शर्मा लगायतका वक्ताहरुले मन्तब्य ब्यक्त गरेका थिए ।

# मधेस विश्वविद्यालयको उद्घाटन

वीरगञ्ज, २३ भदौ (रासस) ।

मधेस प्रदेशमा, मधेस विश्वविद्यालयको वीरगञ्जमा औपचारिकरुपमा उद्घाटन गरिएको छ ।

बुधबार वीरगञ्जमा आयोजित एक विशेष कार्यक्रमबीच पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवको प्रमुख आथित्यतामा विश्वविद्यालयको उद्घाटन समारोहको आयोजना गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव, मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत, नेपाल सरकार वन तथा वातावरणमन्त्री प्रदीप यादव, मधेस विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा दीपक शाक्य, वीरगञ्ज महानगरपालिका नगर प्रमुख राजेशमान सिंह, विभिन्न विश्वविद्यालयका उपकुलपतिसहित विभिन्न राजनीतिक दलका नेतासहित विभिन्न सरोकारवालाको उल्लेखनीयरुपमा सहभागिता रहेको थियो ।

मधेस विश्वविद्यालयको कार्यालय हालका लागि वीरगञ्ज महानगरपालिका-१२ श्रीपुरस्थित नेशनल ट्रेडिङ भवन परिसरमा सञ्चालन गर्ने तयारी गरिएको हो ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### सडकसँगै पेटी निर्माण कार्य सह्रानिय

अहिले सप्तरी सदरमुकाम राजविराजमा बहुप्रतिक्षित मधेशको लाइफ लाइने मानिने हुलाकी सडक खण्डको निर्माण कार्य तिब्र रुपमा भइरहेको छ । विगत चार वर्षदेखी सप्तरी सडक खण्डमा पर्ने हुलाकी राजमार्गको काम सुस्त गतिमा भइरहेको बेला सदरमुकाम राजविराजमा भने उक्त कार्यले अहिले तिब्रता पाएको छ । जिल्लाको मात्र नभएर समस्त तराई मधेशको विकास तथा राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिइएको हुलाकी राजमार्गमा विगत चार वर्षदेखी कार्य भइरहेको छ ।

अदालत रोडस्थित उक्त सडकखण्डमा सडक निर्माण कार्य सम्पन्न भएपछि पेटी निर्माण कार्य भइरहेको छ । जुन राजविराजको इतिहासमै पहिलो हो । यहाँ विभिनन सडकहरु त बने तर, विधिवत रुपले पेटी निर्माण हुन सकेको थिएन् । पेटी निर्माण भइरहदा बटुवाहरुलाई हिडडुल गर्न सजिलो हुनुका साथै उक्त क्षेत्रको सौन्दर्यता पनि खुलेको छ ।

लामो समयदेखी भइरहेको सडक निर्माण कार्यले अब पूर्णता पाउने विश्वास गर्न सकिन्छ । तसर्थ यस्ता कार्यहरुलाई सबैले सहयोग गर्नुको विकल्प छैन् । अनिमात्र आफ्नो स्थानको सौन्दर्यताका साथै जिल्लाको पनि विकासमा ठेवा पुग्ने छ ।

# १६ जिल्ला साक्षर घोषणा हुन बाँकी

काठमाडौँ, २३ भदौ (रासस) ।

सरकारले एक दशकअघि 'साक्षर नेपाल अभियान' कार्यक्रम सुरु गरेकामा अझै मधेस प्रदेशका आठसहित १६ जिल्ला पूर्ण साक्षर घोषणा हुन बाँकी रहेको छ । आर्थिक वर्ष २०७५/७६ को बजेट र कार्यक्रममा दुई वर्षभित्र नेपाललाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रम ल्याएपछि पछिल्लो समयमा साक्षर जिल्ला घोषणाको क्रम बढेको छ ।

हालसम्म ६१ जिल्ला साक्षर घोषणा भइसकेको छ भने मधेस प्रदेशका सबै जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा), लुम्बिनी प्रदेशको कपिलवस्तु, कर्णाली प्रदेशको मुगु, जुम्ला, हुम्ला, कालीकोट, डोल्पा, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र डोटी साक्षर जिल्ला घोषणा हुन बाँकी रहेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार सात सय ५३ स्थानीय तहमध्ये उक्त जिल्लाका गरी एक सय ७६ स्थानीय तह साक्षर घोषणा हुन बाँकी रहेको छ । केन्द्रका महानिर्देशक चुडामणि पौडेलले साक्षर नेपाल अभियान कार्यक्रमअन्तर्गत यस वर्ष लागत साझेदारीमा आधारित प्रस्तावनापत्र तयार गर्न लगाई कार्ययोजना अघि बढाइएको बताउनुभयो ।

यसअन्तर्गत साक्षर घोषणा हुन बाँकी जिल्ला र पालिकामा सरोकारवालासँग अभिमुखीकरण, साक्षरताका १२ सूचकहरूलाई समावेश गरी सिकाई सामग्री उत्पादन गरेर वितरण, विद्यार्थी परिचालन गरी घर, परिवार र समुदायलाई साक्षर बनाउने गरी कार्यक्रम अघि बढाइएको केन्द्रले जनाएको छ । सम्बन्धित जिल्ला र पालिकामा १५ देखि ६० वर्ष उमेरका ९५ प्रतिशत नागरिक साक्षर भएको पाइएमा साक्षर जिल्ला र साक्षर पालिका घोषणा गर्न सकिने प्रावधान रहेको छ ।

हाल नेपालमा छ वर्षभन्दा माथिको साक्षरता दर ७८ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको ९२ प्रतिशत, १५ वर्षमाथिको ५८ प्रतिशत र १५ देखि ६० वर्ष उमेर समूहको साक्षरदता दर ८५ रहेको छ । प्रतिशतका हिसाबले साक्षरता दर सुधारोन्मुख भने देखिएको छ । किनकि विसं २००४ मा नेपालको साक्षरता दुई प्रतिशत थियो ।

हाल नेपालमा ३५ हजार छ सय ७४ विद्यालय रहेकामा २७ हजार आठ सय १२ सामुदायिक, छ हजार सात सय ३२ निजी ( संस्थागत), एक हजार एक सय ३० परम्परागत विद्यालय रहेका छन् । यस्तै दुई हजार एक सय ५१ सामुदायिक सिकाइ केन्द्र, एक सय २१ खुला विद्यालय, औपचारिक प्रौढ विद्यालय एक सय ७१ रहेका छन् ।

विगतमा साक्षरता अभियानका नाममा सञ्चालन गरिएका विभिन्न कार्यक्रम र प्रयोग प्रभावकारी नभएपछि सरकारले विभिन्न तहका विद्यार्थीलाई स्वयंसेवकका रूपमा परिचालन गर्ने नीति पनि लिएको छ । नेपालमा विसं २००४ देखि साक्षरता अभियान सुरु भएको हो ।

'साक्षरता सिकाई क्षेत्रमा रुपान्तरण' भन्ने वाक्यका साथ बिहीबार मनाइएकको ५६औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा पनि केन्द्रले साक्षरतासम्बन्धी विद्युतीय र अन्य सामग्रीको उत्पादन गरी सञ्चार माध्यमसमेतबाट प्रचार-प्रसार कार्यक्रम तय गरेको छ । दिवसका अवसरमा जारी शुभकामना सन्देशमा शिक्षामन्त्री देवेन्द्र पौडेलले साक्षरता कार्यक्रमलाई तीनवटै सरकारसँग समन्वयात्मकरूपमा सञ्चालन गरी साक्षरता र जीवनपर्यन्त सिकाइलाई जोड्नुपर्ने उल्लेख गर्नुभएको छ ।

एकपटक साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिलाई पुनः साक्षरताको कक्षामा समावेश नगर्ने गरी सघन सक्षारता कार्यक्रम सुरु गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को विसं २०६९ मङ्सिर १४ मा साक्षर नेपाल अभियान (२०६९-२०७२) को अवधारणापत्र स्वीकृत गरी राजनीतिक दलहरूको पनि सहयोग लिन गरी कार्यान्वयनमा ल्याएको थियो ।

सो अवधारणापत्रमा वृद्धभत्ताजस्ता सरकारी सुविधा पाउनका लागि साक्षर हुनैपर्ने व्यवस्थाका लागि सुझाव दिइएको छ । 'साक्षरता र जीवनपर्यन्त शिक्षाले १५ वर्ष उमेरमाथिका सबै युवा र प्रौढको जीवनपर्यन्त सिकाइका लागि आधार प्रदान गराउने' भन्ने लक्ष्यसहित सो कार्यक्रम सुरु गरिएको थियो । सोको कार्यान्वनका क्रममा सरकारले आर्थिक वर्ष २०७१/७२ लाई 'निरक्षरता उन्मूलन वर्ष' भनी घोषणा गरे पनि उक्त घोषणा हालसम्म पूरा हुनसकेको छैन । विसं २०७१ असार २ गते सिन्धुपाल्चोक जिल्ला पहिलो र असार ८ गते ललितपुर पूर्ण साक्षर जिल्ला घोषणाको भएपछि साक्षर जिल्ला घोषणाको क्रम थालनी भएको हो ।

विसं २०६८ को जनगणनाअनुसार पाँच वर्षभन्दा माथिको साक्षरता प्रतिशत ६५ दशमलव ९४ रहेको छ, जसमा पुरुषको साक्षरता प्रतिशत ७५ दशमलव १४ र महिलाको साक्षरता प्रतिशत ५७ दशमलव ३९ प्रतिशत छ । सबै निरक्षर व्यक्तिमा साक्षरताका न्यूनतम मापदण्ड पूरा गर्न सक्ने सीप विकास गर्न सामाजिक महोत्सव वा अभियानका रूपमा राज्यका सबै संयन्त्र परिचालन गरी सन् २०१५ सम्ममा नेपालबाट निरक्षर उन्मूलन गर्न सरकारले साक्षर नेपाल अभियान घोषणा गरेको थियो ।

# ४८ हजार बढी भूमिहीनले पाए जग्गाधनी प्रमाणपत्र

काठमाडौँ, २३ भदौ (रासस) ।

नागरिकले आफ्नो परिवारको नाममा जग्गा नभएको भनेर गुनासो गर्नु नपरोस् भन्ने लक्ष्यका साथ सरकारले जग्गाधनी पूर्जा वितरणको कामलाई तीव्रता दिएको छ ।

भूमिको स्वामित्वलाई राज्यले मौलिक हकको रूपमा परिभाषित गरेको सर्न्दभमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले योजनावद्ध रूपमा 'कोही पनि नछुटुन् कोही पनि नदोहारिउन्' भन्ने नाराका साथ सुकुम्बासीलाई जग्गा धनी बनाउने कामलाई अभियानका रूपमा अगाडि बढाएको हो ।

यसका लागि राष्ट्रिय भूमि आयोगले आगामी दिनमा सुकुम्बासीको समस्या नै नरहने गरी कामलाई तीव्रता दिएको भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।

कित्ता नापी नापनक्शा गर्ने कार्य अन्तर्गत विशेष नापीमा कुल १३ हजार पाँच सय ९६ हेक्टरको काम सम्पन्न भएको छ । हेक्टर, गाँउब्लक नापी तीन सय आठ हेक्टर, नापी एक हजार नौ सय १० हेक्टर गरी कूल १५ हजार सात सय ४८ हेक्टर नाप नक्शा सम्पन्न भएको छ । गाँउब्लक, विशेष नापी र पुनः नापी गरी जम्मा ४८ हजार चार सय ७० घरपरिवारलाई हालसम्म जग्गाधनी पूर्जा वितरण भइसकेको उहाँको भनाइ छ ।

गाउँ ब्लकको रूपमा रहेको जग्गालाई नापनक्शा गरी लामो समयदेखि हक भोग भएपनि जग्गाधनी प्रमाण पूर्जा पाउन नसकेको नागरिकलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने कार्यलाई पनि युद्धस्तरमा अगाडि बढाइएको छ । यसले देशभर रहेको गाँउब्लकको समस्या समाधान हुने सरकारको विश्वास छ ।

आयागले सुकुम्बासी, अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि अधिकांश स्थानीय तहसँग सम्झौता गरिसकेको छ । केही स्थानीय तहमा भने अनेकन समस्या देखाएर समस्या समाधान गर्ने सरकारको पवित्र उद्देश्यलाई कार्यान्वयनमा व्यवधान खडा गर्ने प्रयास भएको मन्त्रालयको बुझाइ छ ।

"केही स्थानीय तहमा भने राजनीतिक पूर्वाग्रह राखेको पाइएको छ । भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने काममा व्यवधान खडा गरिए जो प्रभावित हो उनैले संघर्ष गर्नुपर्ने अवस्था पनि आउन सक्छ " उहाँले भन्नुभयो " यसमा कुनै राजनीतिक पूर्वाग्रह नराखौं । यो देशको समस्या हो , समाधानका लागि सबैको साथ र सहयोग जरुरी रहन्छ ।"

आयोगले लगत संकलन, कम्प्युटरमा तथ्यांक प्रविष्ट, जग्गाको नापजाँचको काम र निस्सा वितरण कार्य एकै साथ गरिररहेको छ । चितवनको भरतपुर, सिन्धुलीको दुधौली नगरपालिकामा रहेको मुसहर बस्ती, मकवानपुरको बाग्मती गाँउपालिका, झापाको गौरादह ४ र ५, महारानी झोडा, सुर्खेतको भेरी गंगा र गुर्वाकोट र कैलालीको धनगढी ९ मा तीन सय आठ भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपत्र वितरण भइसकेको छ ।

त्यस्तै, कैलालीको लम्कीचुहाको बादी बस्तीमा एक सय २४ भूमिहिन दलित परिवारलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराइसकिएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । समग्रमा छ सय ६८ भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गाधनी पूर्जा वितरण भएको छ ।

कूल छ सय २४ स्थानीय तहसँग भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने लक्ष्यका साथ कार्य सहमतिपत्रमा हस्ताक्षर भएको छ । पाँच सय ५७ स्थानीय तहमा सूचना प्रकाशत भइसकेको छ भने ७० स्थानीय तहमा नापनक्शाको काम शुरु भएको छ ।

मन्त्री श्रेष्ठका अनुसार आयोगको सूचना प्रणालीमा पाँच लाख ८९ हजार ९४ भूमिहिनको लगत प्रविष्ट भइसकेको छ । सरकारले चालु आवमा नै भूमिहिन तथा सुकुम्बासीलाई जग्गाधनीले लामो समयदेखि भोग्नु परेको समस्या समाधानका लागि नीति तथा कार्यक्रम, बजेटको प्रबन्ध गरेको छ । सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई देखाएर 'केवल भोटको राजनीति गर्ने' प्रवृत्तिलाई सधैंको लागि अन्त्य गर्ने लक्ष्यका साथ सरकारले काम गरिरहेको मन्त्री श्रेष्ठको भनाइ छ ।

यस्तै, पुनः स्थापना हुन बाँकी कमैया, कम्लहरी तथा

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दलहरूलाई उम्मेदवार सिफारिस गर्न सकस

जनकपुरधाम, २३ भदौ (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै जाँदा धनुषामा राजनीतिक दललाई उम्मेदवार सिफारिस गर्न सकस भएको छ।

अधिकांश दलमा आकाङ्क्षी बढी देखिएकाले उम्मेदवार छनोटमा दलहरूलाई सकस भएको हो। तल्लो समितिबाट आएका सम्भावित उम्मेदवारको नाममा थप छलफल गरी प्रदेश समिति र केन्द्रीय समितिमा सिफारिस गर्न जिल्लास्थित राजनीतिक दलका नेताहरू जुटेका हुन्।

नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले जिल्लाको चारवटै प्रतिनिधिसभा क्षेत्र र आठवटै प्रदेशसभा निर्वाचन क्षेत्रमा चुनाव लड्ने उम्मेदवारको नाम माथिल्लो कमिटीमा सिफारिस गरिसकेका छन् भने नेकपा (एमाले), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लगायतले उम्मेदवार सिफारिसका लागि बैठक र छलफललाई तीव्र पारेका छन्।

नेपाली कांग्रेस धनुषाले चारवटै प्रतिनिधिसभा र आठवटै प्रदेशसभा निर्वाचन क्षेत्रका लागि एक सय १० जना आकाङ्क्षी उम्मेदवारको नाम सिफारिस गरेको छ। कांग्रेसको क्षेत्रीय भेला तथा बैठकबाट आकाङ्क्षी उम्मेदवारको नाम सिफारिस गरिएको कांग्रेस नेताहरूले बताएका छन्।

प्रतिनिधिसभाका लागि धनुषा क्षेत्र नं १ का लागि प्रत्यक्ष र समानुपातिक दुवै कोटामा पार्टीका केन्द्रीय सदस्य आनन्दप्रसाद ढुङ्गानाको एकल नाम सिफारिस गरिएको क्षेत्र नं १ का क्षेत्रीय सभापति दीपनारायण यादवले जानकारी दिनुभयो।

प्रदेशसभामा प्रत्यक्षतर्फ क्षेत्र नम्बर १ (क) का लागि सञ्जयकुमार महतो, भोला पजियार र सुरेश यादवको नाम सिफारिस गरिएको छ भने क्षेत्र नं १ (ख) का लागि प्रत्यक्षमा लक्ष्मीनारायण मण्डल, श्यामलाल महतो र रामपल्टन साहको नाम सिफारिस भएको क्षेत्रीय सभापति यादवले बताउनुभयो।

प्रतिनिधिसभा क्षेत्र नं २ का लागि प्रत्यक्षमा केन्द्रीय सदस्यद्वय रामकृष्ण यादव र मुक्ताकुमारी यादवको नाम सिफारिस भएको कांग्रेसका जिल्ला सचिव कन्हैया कर्णले जानकारी दिनुभयो।

त्यस्तै प्रदेशसभामा प्रत्यक्षतर्फ क्षेत्र २ (क) मा राजेश्वर गोइत, दिनेशकुमार यादव, धर्मनाथ यादव र रामउदगार यादव तथा क्षेत्र नं २ (ख) का लागि प्रत्यक्षतर्फ राजदेव यादव, उत्तिमप्रसाद मण्डल, नवीनकुमार गोहीबार, भूपनारायण यादव, भोला चौधरी, देवेन्द्रकुमार भरखेर, शिवशङ्कर गोइत, जगदीश चौधरी यादव र सत्यनारायण साहसहित नौ जनाको नाम सिफारिस भएको सचिव कर्णले बताउनुभयो।

धनुषा निर्वाचन क्षेत्र नं ३ मा प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ नेता गणेश तिवारी र परमेश्वर महासेठको नाम सिफारिस गरिएको छ भने प्रतिनिधिसभाको समानुपातिकतर्फ पार्टीका पूर्वउपसभापति विमलेन्द्र निधिको नाम सिफारिस भएको जिल्ला सचिव कर्णले जानकारी दिनुभयो।

प्रदेशसभा क्षेत्र नं ३ (क) मा प्रत्यक्षतर्फ मधेस प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको एकल नाम सिफारिस भएको छ भने क्षेत्र नं ३ (ख) मा हरिशङ्कर साहको एकल नाम सिफारिस भएको जनाएको छ।

धनुषा निर्वाचन क्षेत्र नं ४ मा नेपाली कांग्रेसले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ पार्टीका सहमहामन्त्री महेन्द्र यादव र केन्द्रीय सदस्य डा चन्द्रमोहन यादवको नाम सिफारिस गरेको कांग्रेस क्षेत्र नं ४ का क्षेत्रीय सभापति कुमारकान्त झाले जानकारी दिनुभयो।

प्रदेशसभामा क्षेत्र नं ४ (क) का लागि प्रत्यक्षतर्फ कोमलकान्त झा, योगनारायण यादव, विक्रम यादव र शिवशङ्कर यादवसहित चार जनाको नाम सिफारिस भएको छ भने क्षेत्र नं ४ (ख) का लागि जिल्ला कोषाध्यक्ष राजलाल महतो र रामकुमार भण्डारीको नाम सिफारिस भएको क्षेत्रीय सभापति झाले बताउनुभयो।

माओवादी केन्द्रले पनि धनुषाको सबै निर्वाचन क्षेत्रका लागि उम्मेदवार सिफारिस गरेको छ। जनकपुरधामस्थित पार्टी कार्यालयमा बसेको जिल्ला कमिटी, प्रदेश कमिटी, केन्द्रीय सदस्यको संयुक्त बैठकले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि उम्मेदवार सिफारिस गरेको हो।

माओवादीले धनुषाको निर्वाचन क्षेत्र नं १ का लागि पार्टीका उपमहासचिव मातृकाप्रसाद यादवको एकल नाम सिफारिस गरेको छ। प्रदेशसभाका लागि निर्वाचन क्षेत्र नं १ (क) बाट माओवादी धनुषा जिल्ला अध्यक्ष देवेन्द्रकुमार यादव 'दीपक', शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री बोधमाया यादव र रोशन यादवको नाम सिफारिस गरेको छ।

क्षेत्र नं १ (ख) का लागि सरोज यादव, प्रदीप साह, गुलाव यादव, सूर्यनारायण मण्डल र वीरेन्द्र महतोको नाम केन्द्रीय समितिमा सिफारिस गरेको माओवादी केन्द्रका धनुषा जिल्ला संयोजक दीपक यादवले जानकारी दिनुभयो।

त्यस्तै धनुषा क्षेत्र नं २ बाट प्रतिनिधिसभातर्फ योगकुमार बरबरिया 'श्रवण'को एकल नाम सिफारिस गरिएको छ भने प्रदेशसभाका लागि निर्वाचन क्षेत्र नं २ (क) बाट देवचन्द्र यादव र रेखा मण्डलको नाम सिफारिस भएको छ। निर्वाचन क्षेत्र नं २(ख) बाट श्यामकुमार यादव, रामकिशोर पासमान, अनिल पासमान र वैद्यनाथ मण्डलको नाम सिफारिस गरिएको संयोजक यादवले बताउनुभयो।

धनुषाको निर्वाचन क्षेत्र नं ३ बाट माओवादीले प्रतिनिधिसभाका लागि सौखीलाल पासवान र युगेश्वर यादवको नाम सिफारिस गरेको छ भने प्रदेशसभाका लागि निर्वाचन क्षेत्र नं ३ (क) बाट अनिल पासवान, चन्द्रशेखर साह तथा क्षेत्र नं ३ (ख) बाट महेश यादवको नाम सिफारिस गरिएको जिल्ला संयोजक यादवले बताउनुभयो।

धनुषाको निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभाका लागि देवसागर दासको एकल नाम सिफारिस गरिएको छ भने धनुषा निर्वाचन क्षेत्र नं ४ (क) बाट प्रदेशसभा सदस्यका लागि अशोककुमार यादव, नन्दकिशोर यादव, सुरेश यादव र सुरेश मण्डलको नाम सिफारिस गरिएको भने क्षेत्र नं ४ (ख) बाट प्रदेशसभा सदस्यका लागि रामकुमार महतोको एकल नाम सिफारिस गरिएको उहाँले बताउनुभयो।

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार छनोटको गृहकार्यमा जुटेको नेकपा एमाले धनुषा क्षेत्र नं ३ र ४ का लागि पूर्वमन्त्री महासेठ दम्पतीलाई उम्मेदवारका लागि सिफारिस गरेको छ।

एमालेको जनकपुरधाममा सम्पन्न क्षेत्रीय समितिको बैठकले धनुषा क्षेत्र नं ३ मा पार्टीका पोलिटब्युरो सदस्य जुलीकुमारी महतो र क्षेत्र नं ४ मा एमालेका सचिव रघुवीर महासेठको एकल नाम सिफारिस गरेको एमालेका नेता सुखराम यादवले जानकारी दिनुभयो।

क्षेत्रीय समितिको बैठकबाट सिफारिस भएको दुवै जनाको नाम एमाले धनुषाको जिल्ला समितिको बैठकले अनुमोदन गरी प्रदेश कार्यसमितिमा पठाउने नेता यादवले बताउनुभयो।

उम्मेदवारका लागि सिफारिस भएका दुवै जना श्रीमान्श्रीमती हुनुहुन्छ। गत २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा महतो समानुपातिकतर्फबाट सांसद बन्नुभएको थियो भने महासेठ धनुषा क्षेत्र नं ४ बाट निर्वाचित हुनुभएको थियो।

लोसपाले प्रतिनिधिसभाका लागि धनुषा क्षेत्र नं ३ मा पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोलाई उम्मेदवार सिफारिस गरेको छ। लोसपा धनुषा क्षेत्र नं ३ को सम्पन्न बैठकले महतोको नाम प्रतिनिधिसभा निर्वाचनका लागि सिफारिस गर्ने निर्णय गरेको पार्टीको धनुषा अध्यक्ष परमेश्वर साहले जानकारी दिनुभयो।



बैठकले सर्वसम्मतबाट महतोको एकल नाम सिफारिस गरेको अध्यक्ष साहले बताउनुभयो। गत २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा महतो यही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो। अन्य क्षेत्रबाटसमेत उम्मेदवारको सिफारिस आइरहेको अध्यक्ष साहले बताउनुभयो।

जसपाले पनि उम्मेदवारको सिफारिसका लागि बैठक र छलफल जारी रहेको जसपाको मधेस प्रदेश समितिका मुख्य सचिव दिनेशकुमार यादवले जानकारी दिनुभयो।


"विभिन्न जिल्लाबाट आकाङ्क्षी उम्मेदवारको सिफारिस आइरहेको छ", मुख्यसचिव यादवले भन्नुभयो, "जिल्ला जिल्लाबाट आएका नामका विषयमा छलफल भइरहेको छ, प्रदेश समितिबाट उम्मेदवारको नाम केन्द्रीय कार्यकारिणी समितिमा पठाइनेछ।"

### ४८ हजार बढी ...

हरूवा चरुवाको पुनः स्थापनाको लागि कार्ययोजना तयार भई सो को कार्यान्वयनका लागि कार्यविधि पनि तयार भइसकेको छ। भूमि र यससँग जोडिएको विषयसँग लामो समयदेखि अध्ययन गरिरहेका, ज्ञान सीप तथा विशेषज्ञता हासिल गरेका विज्ञको रोष्टर तयार पारी राय परामर्श लिइएको र त्यसबाट दीर्घकालदेखि रहँदै आएको समस्या समाधानमा सहयोग पुग्ने सरकारको विश्वास छ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### कोभिड र अन्य संकटका कारण मानव विकास पाँच वर्ष पछि धकेलियो : राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घ, २३ भदौ (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घको बिहीबार प्रकाशित एक प्रतिवेदनले कोभिड-१९लगायत अकल्पनीय सङ्कटले मानव प्रगतिलाई पाँच वर्ष पछाडि धकेलेको र विश्वव्यापी अनिश्चितताको लहरलाई बढावा दिएको जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)ले ३० वर्षअघि स्थापना भएको मानव विकास सूचकाङ्क सन् २०२० र २०२१ मा लगातार दुई वर्ष घटेको उल्लेख गरेको छ। यूएनडीपीका प्रमुख अचिम स्टेनरले एएफपीसँगको अन्तर्वार्तामा भन्नुभयो, "यसको अर्थ हामी अकालमा मर्देछौं, आवश्यकभन्दा कम शिक्षित छौं, हाम्रो आम्दानी घट्दै गएको छ भन्ने हो।" उहाँले भन्नुभयो, "केवल तीन मापदण्डबाट हामीले यो बुझ्न सक्छौं कि किन यति धेरै मानिस निराश र भविष्यको बारेमा चिन्तित महसुस गर्न थालेका छन्। मानव विकास सूचकाङ्क दशकौँदेखि निरन्तर उकालो लागिरहेको छ तर सन् २०२० मा ओरालो लाग्न थालेको र सन् २०२१ मा पनि निरन्तर ओरालो लाग्दै गएको प्रतिवेदनमा उल्लेख छ।

'अनिश्चित समय, अस्थिर जीवन' शीर्षकको उक्त प्रतिवेदनले कोभिड-१९ महामारीलाई विश्वव्यापी मन्दीको पुनरुत्थानको प्रमुख कारकका रूपमा औँल्याएको छ, तर राजनीतिक, वित्तीय र जलवायुसँग सम्बन्धित सङ्कटको बढ्दो सङ्ख्याले जनसङ्ख्यालाई पुनरुत्थान गर्न समय नदिएको पनि उल्लेख गरेको छ। "हामीले यसअघि पनि विपत्ति भोगेका छौं। हामीबीच पहिले पनि आर्थिक मन्दी भएको छ। तर अहिले हामीले सामना गरिरहेको कुराको सङ्गम मानव विकासको लागि ठूलो धक्का हो," स्टेनरले भन्नुभयो। अध्ययन रिपोर्टअनुसार यो झट्का वास्तवमै विश्वव्यापी छ र यसले विश्वका ९० प्रतिशतभन्दा बढी देशलाई प्रभावित गरेको छ। स्विट्जरल्याण्ड, नर्वे र आइसल्याण्ड शीर्ष स्थानमा छन् भने दक्षिण सुडान, चाड र नाइजर अन्त्यमा छन्। केही देश महामारीबाट मुक्त हुन थालिसकेका छन् भने ल्याटिन अमेरिका, सब-सहारा अफ्रिका, दक्षिण एसिया र क्यारेबियन क्षेत्रका धेरै राष्ट्रले युक्रेनमा युद्ध अर्थात् नयाँ सङ्कट आउनुअघि नै कुनै परिवर्तन गरेका थिएनन्।

### भारतमा फेरि बढ्यो कोरोना संक्रमण

सोल, २३ भदौ (रासस/सिन्ह्वा)।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले विश्वव्यापीरूपमा कोभिड-१९ सङ्क्रमण र कोभिडजन्य मृत्युदर घटेको बताए तापनि भारत र दक्षिण कोरियामा भने सङ्क्रमितको सङ्ख्यामा उल्लेखनीय कमी आएको छैन। बुधबार मध्यरातसम्मको विवरणलाई समावेश गरेर कोरियाली स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको सूचनामा ७२ हजार पाँच छ सय ४६ जना नयाँ सङ्क्रमित थपिएका जनाइएको छ। मङ्गलबार मध्यरातसम्म कोरियामा ८५ हजार पाँच सय ४० जना नयाँ सङ्क्रमित थपिएका थिए। हाल दक्षिण कोरियामा कोभिड-१९ सङ्क्रमितको कूल सङ्ख्या दुई करोड ३८ लाख ६४ हजार पाँच सय ५० पुगेकाछ। बुधबार कोरोना सङ्क्रमणबाट ६४ जनाको मृत्यु भएको यो सँगै कोरियामा कोभिड लागेर ज्यान गुमाउनेको सङ्ख्या २७ हजार तीन सय १३ पुगेको छ। दक्षिण कोरियामा तत्काल यो महामारी साम्य हुने लक्षण देखिएको छैन। यसैबीच भारतमा एकै दिनमा छ हजारभन्दा बढी कोरोनाबाट सङ्क्रमित भएका छन्। बुधबार मध्यरातसम्मको विवरणअनुसार छ हजार तीन सय ९५ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बिहीबार जनाएको छ। यो सँगै भारतमा चार करोड ४४ लाख ७८ हजार छ सय ३६ जना कोरोनाबाट सङ्क्रमित भएका छन्। हाल भारतमा ५० हजार तीन सय ४२ जना सक्रिय सङ्क्रमित छन्। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढेको छ। बुधबार सात हजारभन्दा बढी कोरोना मुक्त भएका छन्। हालसम्म कोभिड-१९ बाट मुक्त हुनेको सङ्ख्या चार करोड ३९ लाख दुई सय चार पुगेको छ। बुधबार कोरोना सङ्क्रमणबाट ३३ जनाको मृत्यु भएको छ। हालसम्म भारतमा पाँच लाख २८ हजार ९० जनाले यो महारोगबाट ज्यान गुमाइसकेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ देखि कोरोनाविरुद्ध खोप अभियान शुरु भएको थियो। त्यउसयता दुई अर्ब १४ करोडभन्दा बढी मात्रा खोप लगाइसकिएको छ। त्यसैगरी ८८ करोड ७० लाखभन्दा बढीको कोरोना परीक्षण भएको छ। यसैबीच मलेसियामा बुधबार मध्यरातसम्म दुई हजार चार सय २८ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ। बुधबार थपिएका नयाँ बिरामीसँगै देशभर चार करोड ७९ लाख सात हजार चार सय ३७ जनामा सङ्क्रमण पुष्टि भएको छ। बुधबार थप सात जनाको कोभिड लागेर मृत्यु भएको छ। हालसम्म कोरोना लागेर मलेसियामा ३६ हजार दुई सय ६२ जनाले ज्यान गुमाएका छन्। त्यसैगरी न्युजिल्यान्डमा एक हजार छ सय ५३ जना कोरोनाका सङ्क्रमित थपिएका छन् भने १२ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

### श्रीलङ्कामा सैतीस राज्य मन्त्रीद्वारा शपथ ग्रहण

कोलम्बो, २३ भदौ (रासस/सिन्ह्वा)।

श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले बिहीबार ३७ राज्य मन्त्रीलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ। राष्ट्रपतिको कार्यालयका अनुसार राज्य मन्त्रीहरूलाई राजधानी कोलम्बोस्थित राष्ट्रपतिको सचिवालयमा पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। सपथ खानेहमा सेहान सेमासिङ्घे अर्थ, प्रमिथा बन्दरा तेनाकून रक्षा, थाराका बालासुरिया विदेशमामिला राज्यमन्त्री नियुक्त हुनुभएको छ। उहाँहरूले छिट्टै आफ्नो जिम्मेवारी सम्हाल्नुहुने बताइएको छ। सङ्कटग्रस्त श्रीलङ्कामा विदेशी मुद्रा अभावका कारण इन्धन तथा अतिआवश्यक दैनिक सामग्री खरिद गर्नसमेत समस्या भएपछि एकपछि अर्को गर्दै यहाँको जनजीवन नै प्रभावित बनेको छ। राष्ट्रपति रनिल विक्रमासिङ्घे राष्ट्रपतिमा निर्वाचित बनेपछि देशको अर्थतन्त्र क्रमशः सम्हालिँदै गएको सङ्केतहरू देखिए पनि अझै आर्थिक सङ्कट र यसका कारण आउने समस्याको उल्लेख्य समाधान भने भइसकेको छैन।

# बाल अधिकार सम्बन्धी तीन दिने तालिम सम्पन्न



**दैनिक समाचारदाता राजविराज, २३ भदौ ।**
बाल अधिकारको लागि जनवकालत सम्बन्धि तीन दिने तालिम बिहीबार सम्पन्न भएको छ ।

सेभ द चिल्ड्रेनको सहयोग र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा सुरुङगा र खडक नगरपालिकाको समन्वयमा सबल नेपालद्वारा सिरहाको लहानमा आयोजित बाल अधिकारको लागि जनवकालत सम्बन्धि तालिम सम्पन्न भएको हो ।

सुरुङगा नगरपालिका र खडक नगरपालिकाका नगरस्तरीय बालकलबका १०/१० जना गरि जम्मा २० जना किशोर किशोरीहरुको सहभागिता रहेको थियो । उक्त तालिममा २ जना महिला बिकास शाखाका सदस्यहरुको समेत सहभागिता रहेको थियो ।

सुरुङगा नगरपालिकाका महिला बिकास शाखा प्रमुख रिङकु यादवको अध्यक्षतामा सम्पन्न भएको उक्त तालिमको सुमित कुमार चौधरीले सहजिकरण गरेका थिए ।

सो कार्यक्रममा सबल नेपालका तर्फबाट सिडा परियोजना संयोजक निरबहादुर आले र सुपरभाइजर दिपा चौधरी लगायतका सहभागिता रहेको थियो ।

# गठबन्धनका कारण कांग्रेस अप्ठचारोमा नपरोस् : नेता डा कोइराला

महेन्द्रनगर (धनुषा), २३ भदौ (रासस) ।
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले गठबन्धनभित्र पार्टीले प्रत्यक्षतर्फ कम्तीमा एक सय सिट पाउनुपर्ने धारणा राख्नुभएको छ ।

नेपाल प्रेस युनियनद्वारा १०९औं विपी जयन्तीका अवसरमा जनकपुरधाममा बिहीबार आयोजित विपी विचार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र अबका चुनौती विषयक विचार गोष्ठीमा नेता डा कोइरालाले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसले गठबन्धनभित्र प्रत्यक्षतर्फ एक सय सिट पाउनुपर्ने जिकिर गर्दै गठबन्धनका कारण नेपाली कांग्रेसलाई कुनै अप्ठचारो पर्न नहुने बताउनुभयो ।

नेता कोइरालाले पाँचदलीय गठबन्धन बिचित्रको रहेको, विचार र सिद्धान्त नमिल्ने दलहरूसँग गठबन्धन भएको भन्दै गठबन्धनका कारण अहिले नेपाली कांग्रेस अप्ठचारो अवस्थामा रहेको बताउनुभयो ।

एमालेले संविधानलाई प्रहार गरेपछि त्यसलाई बचाउन गठबन्धन गरिएको उहाँले स्पष्ट गर्नुभयो । नेता डा कोइरालाले भन्नुभयो, "यो गठबन्धन पवित्र हो कि अपवित्र त्यो निर्वाचनपछि मात्र थाहा हुन्छ ।" कांग्रेसमा उम्मेदवारका आकाङ्क्षी नेताको व्यवस्थापन गर्न पनि कांग्रेस पार्टीलाई प्रत्यक्षतर्फ मात्र एक सय सिट आवश्यक पर्ने उहाँको तर्क थियो ।

# क्रिकेट कप्तान लामिछानेमाथि पक्राउ पुर्जी जारी

काठमाडौँ, २३ भदौ (रासस) ।
बालिका करणीको आरोप लागेका नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि काठमाडौँ जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको छ ।

मुलुकी अपराध संहिता २०७४ अन्तर्गत परिच्छेद-१८ को दफा २१९ को 'जबर्जस्ती करणी गर्न नहुने' कसुरमा लामिछानेउपर थप अनुसन्धान गर्नका लागि अदालतबाट पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी परिसर काठमाडौँले बिहीबार एक सूचना जारी गरी जनाएको छ । लामिछाने लिग क्रिकेट खेलका सिलसिलामा हाल मुलुक बाहिर छन् ।

अपराध संहिताको दफा २१९, (२) मा कसैले कुनै महिलालाई महिलाको मञ्जुरी नलिइ करणी गरेमा वा मञ्जुरी लिए पनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिने उल्लेख छ ।

सोही दफाको ३ (घ) मा १६ वर्ष वा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरेमा १० वर्षदेखि १२ वर्षसम्म कैद हुने कानुनी व्यवस्था छ । उनीमाथि १७ वर्षीया नाबालिका अभिभावकले यही भदौ ६ गते जबर्जस्ती करणी गरेको आरोपसहित भदौ २१ गते मंगलबार प्रहरी वृत्त गौशालामा जाहेरी दिएका थिए ।

जाहेरीमा स्याङ्जा आरुचौर स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ बस्ने लामिछानेले बालिकालाई यही ५ गते काठमाडौँ र भक्तपुरका विभिन्न स्थानमा घुमाएको र सोही दिनको राति काठमाडौँको एक होटलमा ल्याएर जबर्जस्ती करणी गरेको आरोप छ । जाहेरीपछि प्रहरीले ती होटलको सिसीटिभी फुटेज हेर्नेसहित विभिन्न अनुसन्धान गरिरहेको छ ।

# सहिद राउतको सातौं स्मृतिमा छात्रवृत्ति वितरण

**दैनिक समाचारदाता राजविराज, २३ भदौ ।**
सहिद रामकृष्ण राउत स्मृति प्रतिष्ठानले बिहीबार दुईजना छात्रछात्रालाई छात्रवृत्ति वितरण गरेको छ ।

तेश्रो मधेश आन्दोलनका सहिद रामकृष्ण राउतको सातौं स्मृति दिवसमा बिहीबार भारदहमा आयोजित एक समारोहबिच छात्रछात्राहरुलाई छात्रवृत्ति वितरण गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष राज कुमार राउतको अध्यक्षतामा आयोजित कार्यक्रममा कंकालिनी माध्यमिक विद्यालयका छात्र आशिष कुमार मण्डल र विपि माध्यमिक विद्यालयकी छात्रा प्रियंका खेडवारलाई छात्रवृत्ति प्रदान गरियो ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह र विशिष्ट अतिथि सामाजिक विकास मन्त्री नवलकिशोर साहले नगद २ हजार ५ सय, सम्मान-पत्र र दोसल्ला ओढाएर सम्मान गरे ।

कार्यक्रममा अर्थ मन्त्री साह, सामाजिक विकास मन्त्री साह, जसपा राजनीतिक समिति सदस्य जगदेव यादव, संघीय परिषद सदस्य श्यामदेव यादव, हनुमान नगरकंकालिनी नगरपालिकाकि उपप्रमुख सरिता सिपलिया, निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामसुन्दर मण्डल लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

तेश्रो मधेश आन्दोलनको क्रममा सप्तरीको भारदहमा प्रहरीको गोलीबाट राउतको निधन भएको थियो । सहिद राउतको स्मृतिमा प्रतिष्ठान गठन गरि प्रत्येक बर्ष भदौ २३ गते दुई जना जेहेन्दार विधार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिदै आएको छ ।

# थप दुई सय २७ मा कोरोना संक्रमण पुष्टि, एकको मृत्यु

काठमाडौँ, २३ भदौ (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा थप दुई सय २७ जनामा कोभिड संक्रमण पुष्टि भएको छ भने एक जनाको संक्रमणका कारण मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा चार हजार चार सय एक जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार पाँच सय १८ जनाले पिसिआर र दुई हजार आठ सय ८३ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा एक लाख ४३ हजार पाँच सय ९५ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । यही अवधिमा एक सय ६८ जना कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख ८३ हजार नौ सय ४९ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको संख्या दुई हजार चार सय ७३ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १० पुगेको छ । होम आइसोलेशनमा दुई हजार तीन सय ७०, संस्थागत आइसोलेशन एक सय तीन, सघन उपचार कक्षमा २२ र भेन्टिलेटरमा तीन जना संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौँ र दुई सयभन्दा बढी संक्रमित रहेको जिल्लामा ललितपुर रहेको छ । शून्य संक्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, मुग, जुम्ला र बझाङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार ७२, ललितपुरमा चार सय ३५ र भक्तपुरमा ३६ सक्रिय संक्रमित रहेका छन् । कूलमा संक्रमणदर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।


दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधै प्रयोग नगरौं,
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np